

# अध्याय -२

## येशूको सेवाकार्यको एक दिन

*यस अध्यायका मुल पदहरू:* मर्कूस १:१६-४५, यूहन्ना १:२९-४२, मर्कूस ५:४१, लूका ६:१२ र लेबी १३।

*यस अध्यायको मुल सार पद:* "अनि येशूले तिनीहरूलाई अऱ्हाउनुभयो, 'मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका माझी बनाउँछु'।" मर्कूस १:१७।

सुसमाचारका प्रत्येक लेखकले येशूको सेवाकार्यको सुरुलाई आआफ्नै विशेषता अनुसार चित्रण गरिएका थिए।

चेलाहरूलाई येशूले बोलाउनुभएको र डाँडामा दिनुभएको उपदेशहरूलाई प्रस्तुत गरेर मत्तीले उहाँको कामको बारेमा सुरु गर्दछन्। साबथको दिन नाजरथको यहूदी सभागृहमा येशूले प्रवचन दिँदै आफ्नो कामको थालनी गर्नुभएको विवरण लूकाले दिन्छन्। सुरुमा केही चेलाहरूलाई बोलाउनुभएको र कानामा विवाहको भोजमा आफू मसीह हो भनेर पहिलो पहिचान दिनुभएको कथाबाट उहाँको काम सुरु भएको भनेर यूहन्नाले उहाँको कामको बारेमा चिनाउँछन्।

येशूको कामलाई परिचय दिन उहाँले चार चेलाहरूलाई बोलाउनुभएको, कपर्नुनमा साबथको दिन र त्यसपछिको विवरण मर्कूसले दिन्छन्।

*साबथमा येशूसँग"को विवरण दिएर उहाँको काम थालनी भएको मर्कूसले प्रस्तुत गर्छन्। यसले येशू को हुनुहुन्छ भन्ने आभास् पाठकहरूलाई दिन्छ। यस अध्यायको पूरै अंशमा येशूले बोल्नुभएको केही वचनहरू मात्र*

*प्रस्तुत गरिएको छः चेला हुन आह्वान गरिएको बारेमा छोटो जानकारी, दुष्ट आत्मालाई दिनुभएको आदेश, विभिन्त ठाउँहरूमा जाने उहाँको योजना र कुष्ठ रोग लागेकोलाई निको पारेर आफूलाई पुजारी सामु प्रस्तुत गरे चोखो भएको देखाउ भनेर अऱ्हाउनुभएको विवरण। यस अध्यायमा येशूको सक्रियतालाई जोड गरेको छ। उहाँले मानिसहरूलाई निको पार्नुभएको थियो। "तुरन्तै' भन्ने शब्द सुसमाचारको लेखकले प्रयोग गर्न मन पराएको देखिन्छ। येशूको सेवाकार्यमा उहाँको द्रुत गतिमा चल्ने नीतिलाई मर्कूसले प्रस्तुत गर्दछन्।*

## १. "मलाई पछ्याउ"

**आफ्ना चेलाहरू हुन येशूले कसलाई आह्वान गर्नुभएको थियो र तिनीहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, "१६ गालील-समुद्रको किनार-किनारै जाँदैहुनुहुँदा उहाँले सिमोन र तिनका भाइ अन्द्रियासलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो। किनकि तिनीहरू जालहारी थिए। १७ येशूले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका जालहारी बनाउनेछु।" १८ तिनीहरूले तुरुन्तै आफ्ना जालहरू छोड़े, र उहाँको पछि लागे। १९ अनि अलि पर गएपछि उहाँले जब्दियाका दुई छोरा याकूब र यूहन्नालाई डुङ्गामा बसी जाल तुनिरहेका देख्नुभयो। २० उहाँले तुरुन्त तिनीहरूलाई बोलाउनुभयो, र तिनीहरू आफ्ना पिता जब्दियालाई ज्यामीहरूका साथ डुङ्गामा छोड़ेर उहाँको पछि लागे।" मर्कूस १:१६-२०।**

मर्कूस १ मा येशूले बोल्नुभएका धेरै शब्दहरू छैन। दुई जालहारी वा माझीहरू साइमन जो पछि पत्रुस भनेर सम्बोधन गरिन्छ उनको भाइ आन्ड्र्युलाई येशूले बोलाउनु भएका वचनहरू मर्कूस १मा लेखा राखिएको छ। ती दुई दाजुभाइ गालिलको समुद्रको किनारामा जाल हान्न उभिरहेका थिए।

त्यस समय त्यहाँ डुङ्गा थियो र तिनीहरूसँग माछा मार्ने अरू सामानहरू थिए भनेर उल्लेख गरिएको छैन। त्यसको अर्थ तिनीहरूको आर्थिक अवस्था कमजोर थियो भन्ने आभास दिन्छ। याकूब र यूहन्ना डुङ्गामा थिए भनेर मर्कूस १:१९,२० ले बताउँछ। त्यस डुङ्गामा तिनीहरूका बाबु र ज्यामीहरू थिए। त्यसको अर्थ तिनीहरू पत्रुस र आन्ड्र्युभन्दा आर्थिक अवस्थामा सबलै थिए भन्ने देखाउँछ। तर, लूकाले पत्रुसको डुङ्गा थियो र याकूब र यूहन्ना पत्रुस र आन्ड्र्युका साझेदारहरू थिए भनेर बताउँछन् (लूका ५:१-११)। दुई भाइहरूका जोडीको भिन्नतालाई मर्कूसको सुसमाचारले प्रस्तुत गर्न खोजेको

हुनुपर्छ। ती दुवैहरूमा भएका भिन्नता महसुस भएतापनि येशूले उहाँका चेलाहरू हुन आर्थिक अवस्थामा कम स्रोत भएकाहरू र बढी भएका दुवैलाई आफ्नो चेला हुन बोलाउनु हुन्छ।

सरल, सिधा र सम्भावित कर्मठ कार्यकर्ताहरूलाई येशूले बोलाउनुभएको थियो। उहाँलाई पछ्याउनुको अर्थ उहाँका चेलाहरू हुन आह्वान। यदि उहाँको आह्वानलाई तिनीहरूले माने भने तिनीहरू मानिसहरूका जलाहारी बनाउनुहुनेछ भनेर उहाँले आभास दिनुहुन्छ।

**ती मानिसहरूले आफ्ना जालहरू छोडेर तुरुन्तै येशूको पछि किन लागे (मर्कूस १:१६-२०) भन्ने विषयमा सोच्नुहोस्।**

यसको बारेमा यूहन्नाको सुसमाचारले अझ विस्तृत रूपमा प्रस्तुत गर्दछन् (यूहन्ना १:२९-४२)। ती भाइहरू बप्तिस्मा दिने यूहन्नाका चेलाहरू भएको हुनसक्छ। येशूलाई औंल्याउँदै "उहाँ परमेश्वरका थुमा हुनुहुन्छ जसले संसारका पाप उठाउनुहुनेछ," भनेर यूहन्नाले घोषणा गरेको तिनीहरूले सुनेको हुनुपर्दछ (यूहन्ना १:२९)। तिनीहरूले येशूलाई यर्दनमा भेटेका थिए र केही समय उहाँसँग बिताएको हुनुपर्दछ। त्यसकारण, येशूको सेवाकार्यमा सहभागी हुन बोलाउँदा त्यो कुनै अपर्झत वा नसोचेको नहुन सक्छ न त आफ्नो कामबाट भाग्न उहाँलाई पछ्याउन पुगेका थिए। तिनीहरू सोचरै येशूको पछि लागेका थिए।

तर मर्कूसले विस्तृत विवरण किन नदिएको? हुनसक्छ, येशूमा भएको शक्तिलाई जोड गर्न होला। उहाँले बोलाउनुहुन्छ र उहाँको पछि लाग्न इच्छा गर्ने माझीहरू उहाँको पछि लाग्छन्। त्यसले गर्दा, तिनीहरूको जीवन र संसारको गति नै परिवर्तन भएको थियो।

***येशूलाई पछ्याउन तपाईंले केलाई त्याग्नु परेको छ? सोच्नुहोस्।***

## २. अविस्मरणीय आराधना सेवा

**कपर्नुमको यहूदी सभाघरमा के अविस्मरणीय अनुभव भएको थियो र त्यसबाट हामीले आत्मिक सत्यहरू के सिक्नसक्छौं? हेर्नुहोस्, "२१ तब उहाँहरू कफर्नहुममा जानुभयो, र तुरुन्तै शबाथ-दिनमा सभाघरमा पसी उहाँले शिक्षा दिन लाग्नुभयो। २२ अनि तिनीहरू उहाँका शिक्षामा चकित भए। किनकि उहाँले तिनीहरूलाई शास्त्रीहरूले जस्तो होइन, तर अधिकारसँग सिकाउनुभयो। २३ त्यही बेला त्यस सभाघरमा अशुद्ध आत्मा भएको एक जना मान्छे थियो। २४**

**त्यसले यसो भन्दै चिच्च्यायो, "हे नासरतका येशू, हामीलाई तपाईंसँग के सरोकार? के तपाईं हामीलाई सर्वनाश पार्नलाई आउनुभएको हो? म तपाईंलाई चिन्छु, तपाईं परमेश्‍वरका पवित्र जन हुनुहुन्छ।" २५ तर येशूले त्यसलाई यसो भन्दै हकार्नुभयो, "चूप लाग्, र त्यसबाट निस्किजा।" २६ त्यस मान्छेलाई लछारपछार पार्दै त्यो अशुद्ध आत्मा ठूलो स्वरले चिच्च्याएर त्यस मान्छेबाट निस्किगयो। २७ तब सबै जनाले अचम्म माने, र तिनीहरू यसो भन्दै आपसमा सोधासोध गर्न लागे, "यो के हो? यो त नयाँ शिक्षा रहेछ। यिनले त अधिकारसँग अशुद्ध आत्माहरूलाई पनि आज्ञा गर्छन्, र तिनीहरूले यिनका आज्ञा मान्दारहेछन्।" २८ अनि चाँडै नै येशूको कीर्ति गालीलको इलाका वरिपरि चारैतिर फैलियो।" मर्कूस १:२१-२८।**

इसाई जीवनको यात्रामा प्रायजसो इसाईहरूका अविस्मर्णीय क्षणहरू हुन्छन् जसले गर्दा तिनीहरू येशूको पछि लाग्ने निर्णय गर्दछन्। तिनीहरूको बप्तिस्माको दिन, प्रभावकारी प्रवचन सुन्दा तिनीहरू परमेश्वरको सामु उपस्थित भएको अनुभव आदि केही कहिल्यै बिर्सिन नसक्ने अनुभवहरू हुन्। ती केही क्षणहरू अविस्मर्णीय मात्र होइन जीवनलाई नै परिवर्तन गरेको हुन्छ।

त्यसकारण, मर्कूस १ मा वर्णन गरिएको कपर्नुममा भएको साबथको घट्ना कतिपयको निम्ति अविस्मर्णीय हुन सक्छ। यसरी उल्लेख गरिएको छ, "२२ अनि तिनीहरू उहाँका शिक्षामा चकित भए। किनकि उहाँले तिनीहरूलाई शास्त्रीहरूले जस्तो होइन, तर अधिकारसँग सिकाउनुभयो। ...२७ तब सबै जनाले अचम्म माने, र तिनीहरू यसो भन्दै आपसमा सोधासोध गर्न लागे, "यो के हो? यो त नयाँ शिक्षा रहेछ। यिनले त अधिकारसँग अशुद्ध आत्माहरूलाई पनि आज्ञा गर्छन्, र तिनीहरूले यिनका आज्ञा मान्दारहेछन्।" Mark १:२२,२७। जब येशूले सिकाउँदै हुनुहुन्थ्यो दुष्ट आत्माले सताएको मानिस उहाँको शिक्षाको शक्तिले प्रभावित भएको हुनसक्छ जसले गर्दा ऊ अचानक चिच्यायो, "हे नाजरथका येशू, तपाईंसँग हाम्रो के सरोकार? के तपाईंले हामीलाई नाश गर्न आउनुभएको हो? तपाईं परमेश्वरको पवित्र जन हो भनेर मलाई थाहा छ" (मर्कूस १:२४)। येशूले त्यस व्यक्तिबाट दुष्ट आत्मा निकाली दिनुभएको थियो।

दुष्ट आत्माले उच्चारण गरेका शब्दहरूको गहिरो अर्थ बुझ्न कोशिश गर्नुहोस्।

पहिलो त, येशू परमेश्वरको पवित्र जन हुनुहुन्छ भनेर दुष्ट आत्माले स्वीकार गरेको थियो। उहाँ परमेश्वरको पवित्र दूत हुनुहुन्छ भनेर सार्वजनिक रूपमै घोषणा गरेको थियो। त्यसरी स्वीकार्नु सैतानका अशुद्ध, अपवित्र र पतित स्वर्गदूतहरूकै खिलाफमा थियो। आराधनाको समयमा आराधकहरूको बिचमा पवित्र भावनाले जाग्नु अपवित्र र अशुद्ध होइन। त्यसकारण, यस कथामा असल र खराब शक्तिहरूको बिचमा सिधै तकराव भएको हामी महसुस गर्दछौं। यहाँ येशू र सैतानको बिचमा भइरहेको महान् सङ्घर्ष वा मतभेदको वास्तविकतालाई देख्छौं। सभाघरका मानिसहरूलाई येशू को हुनुहुन्थ्यो भन्ने जानकारी नहोला। तर सैतानको दुष्ट आत्मा वा असुरलाई थाहा थियो। आफूले थाहा पाएको कुरा त्यस दुष्ट आत्माले सार्वजनिक रूपमै स्वीकार गरेको थियो।

येशूले शिक्षा दिइरहनुभएको समयमा बाधा दिने दुष्ट आत्मालाई त्यस मानिसबाट निस्कन उहाँले किन आदेश दिनुभयो त्यो त हामीले बुझ्न सक्छौं तर चुप लाग भन्ने आदेश उहाँले किन दिनुभयो? यहाँ मर्कूसले आफ्नो सुसमाचारको सुरुमा लेखिएको येशूको बारेमा चुप रहने आदेश अचम्मको छ। आफू को हो भनेर मानिसहरूको बिचमा भाउ खोज्ने उहाँको नीति नभएको उहाँको थियो। बाइबलका विद्धानहरूले यसलाई "मसीहको रहस्य" भनेर सम्बोधन गर्दछन्।

चुप रहने उहाँको आदेश त्यस समय मनासिव नै देखिन्छ। त्यसबेला यहूदीहरूले राजनैतिक योद्धाको अपेक्षा गरेका थिए। तर, वास्तविक मसीह भएर घोषणा गर्नु जोखिम पूर्ण थियो। आफू को हो भनेर येशूलाई थाहा भएतापनि तत्कालिन सार्वजनिक रूपमा आफ्नो चिनारी दिन चाहनुभएको थिएन। तर समय बित्दै जाँदा उहाँको पहिचानलाई रहस्यमय राख्न सकेको थिएन। उहाँ को हुनुहुन्छ भन्ने सत्य नै सुसमाचारको सन्देशको केन्द्रविन्दु हो। येशू को हुनुहुन्छ भनेर मानिसहरूले स्वीकारेर मात्र पुग्दैन तर उहाँको आगमनको लक्ष्यलाई स्वीकार्नु आवश्यक थियो र तिनीहरूको निम्ति उहाँ को हुनुहुन्छ भनेर विश्वास गर्नु जरुरी थियो।

***हामीमा भएको वर्तमान वा सर्वसत्य एकै पल्ट नभनि येशूको निम्ति कसरी गवाही बन्ने?***

## ३. साबथमा येशूको सेवाकार्य

येशूले पत्रुसको परिवारलाई कसरी सहयोग गर्नुभयो र त्यस विवरणबाट के आत्मिक पाठहरू हामी सिक्न सक्छौँ? हेर्नुहोस्, "अब उहाँ तुरुन्तै सभाघरबाट निस्केर याकूब र यूहन्नाका साथमा सिमोन र अन्द्रियासको घरमा पस्नुभयो। सिमोनकी सासू जरोले थला परेकी थिइन्, र तिनीहरूले झट्टै उहाँलाई तिनको विषयमा भने। उहाँले नजिक आएर तिनको हात समाती तिनलाई उठाउनुभयो, र जरोले तिनलाई छोडिहाल्यो। अनि तिनले उहाँहरूको सेवा गरिन्। त्यो साँझ घाम डुबेपछि मानिसहरूले उहाँकहाँ बिरामीहरू र भूत लागेकाहरू जम्मैलाई ल्याए। सारा सहर नै घरको ढोकामा जम्मा भएको थियो। अनेक किसिमका रोगले ग्रस्त भएका धेरै बिरामीहरूलाई उहाँले निको पार्नुभयो, र धेरै भूतहरूलाई निकाल्नुभयो, तर भूतहरूले उहाँलाई चिनेका हुनाले उहाँले तिनीहरूलाई बोल्न दिनुभएन।" मर्कूस १:२९-३४।

सबैलाई छक्क पार्ने यहूदी सभाघरको सेवाकार्यपछि, येशू र उहाँका सानो झुण्ड खुरुक्क पत्रुको घरमा आराम लिन जान्छन्। त्यस झुण्डमा पत्रुस, आन्द्रियास, याकूब र यूहन्ना थिए। पत्रुसको घरमा साबथको बाँकि समय भोजन, सङ्गति र विश्राम गर्न तिनीहरू गएका थिए।

त्यसबेला पत्रुसको सासु ज्वरोले ग्रस्त भएको येशूले थाहा पाउनुभयो। त्यसबेला कोही ज्वरोले ग्रस्त हुन्थ्यो भने प्रायजसो मानिसको मृत्यु हुन्थ्यो। येशूले उनको हात समातेर उठाउनुभयो। उनी तुरन्तै निको भइन् र सेवाटहल गर्न लागिन्। जो मानिसहरूले येशूबाट उद्धार पाएका छन र निको भएका छन् तिनीहरूले अरूको सेवा गर्न अग्रसर हुनुपर्छ भन्ने पाठ यसबाट सिक्नु जरुरी छ।

रोगले ग्रस्त भएको मानिसलाई छोएर येशूले निको पार्नुभएको थियो भनेर मर्कूसले आफ्नो पुस्तकभरी लेखेका छन् (मर्कूस १:४१; ५:४१)। कहिलेकाहीं येशूले नछोएर नै निको पार्नुभएको थियो (मर्कूस २:१-१२, ३:१-६, ५:७-१३)।

त्यस दिन येशूको सेवाकार्य समाप्त भएको थिएन। घाम अस्ताएपछि धेरै बिरामीहरू पत्रुसको घरमा आएका थिए। यहूदी सभाघरमा के भएको थियो सो सुनेर धेरै मानिसहरू आएको हुनुपर्दछ। साबथपछि बिरामीहरू आएका थिए भनेर मर्कूसले उल्लेख गर्दा पाठकहरूले साबथको बारेमा ठोस जानकारी पाऊन् भन्ने मर्कूसको चाहना भएको देखिन्छ। मर्कूसका पाठकहरू साबथको विद्या निरन्तर रूपमा पालन गरिरहेका थिए भनेर उनले अपेक्षा गरेका थिए।

**त्यस बेलुका सारा सहरका मानिसहरू नै ढोकामा जम्मा भएका थिए भनेर मर्कूस १:३३ले बताउँदछ। ती सबैलाई निको पार्न येशूलाई केही समय लागेको हुनुपर्छ।**

"घन्टौं घन्टासम्म मानिसहरू आए र गए। येशूले निको पार्नुहुने दिन फेरि आउँछ कि आउँदैन भनेर तिनीहरूलाई थाहा थिएन। कपर्नुममा यस्तो दृश्य कहिल्यै पनि भएको थिएन। विजयको उल्लासले वातावरण भरिएको थियो। उद्धार पाएका मानिसहरू हर्षको स्वरले गुञ्जाएको थियो। ती मानिसहरू आनन्दले जागृत भएको देख्दा मुक्तिदाता आनन्दले गदगद हुनुभएको थियो। जब दुःखकष्ट र पीडामा परेकाहरू येशूकहाँ आएका थिए तब उहाँको हृदय सहानुभूतिले हल्लिएको थियो। मानिसहरूको स्वास्थ र खुशियालीको पुनर्स्थापना गर्न पाएकोले मुक्तिदाताको हृदय आनन्दले भारविभोर भएको थियो।

*"जबसम्म पीडामा परेको अन्तिम व्यक्तिले राहत पाएन तबसम्म उहाँले आफ्नो काम रोक्नुभएन। जब भिँड फर्के तब घोर रात भएको थियो। अनि पत्रुसको घरमा सन्नाता छाएको थियो। दिनभरिको लामो र उत्साहजनक समय पार भएको थियो। मुक्तिदाता विश्रामको चाहना गर्नुभएको थियो। तर जब सारा सहर नै निन्द्रामा मस्त भएको थियो, मुक्तिदाता विहान सबेरै उठ्नुभयो र एकान्त ठाउँमा जानुभयो र त्यहाँ उहाँले प्रार्थना गर्नुभयो।"- एलेन जी. ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २५९।*

## ४. सेवाकार्यमा शक्ति पाउने येशूको रहस्य

**मर्कूस १:३५-३९मा हामीले के महत्त्वपूर्ण पाठहरू सिक्न सक्छौं? हेर्नुहोस्, "बिहान उज्यालो हुनभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो। सिमोन र तिनीसँग हुनेहरू उहाँलाई खोज्दैगए। उहाँलाई भेट्टाएपछि तिनीहरूले भने, "सबैले तपाईंलाई खोजिरहेका छन्।"**

**तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आओ, हामीहरू नजिकका अरू सहरहरूमा जाऔं, र त्यहाँ पनि म प्रचार गर्न पाऊँ, किनकि यसैको निम्ति म आएको हुँ।" अनि सारा गालीलमा तिनीहरूका सभाघरहरूमा प्रचार गर्दै र दुष्टआत्मा वा भूतहरूलाई निकाल्दै उहाँ हिँड्नुभयो।"**

घाम झुल्किनुभन्दा बिहान सबेरै येशू उठ्नुभयो र मरुभूमिको एकान्त ठाउँमा जानुभयो र प्रार्थना गर्न थाल्नुभयो। मर्कूस १:३५मा येशूलाई परिचालन गर्ने शक्ति प्रार्थना थियो भनेर मर्कूसले जोड गर्दछ। येशूको जीवनको निचोड

यहि थियो-उहाँ बिहान सबेरै उठ्नुभयो, बाहिर जानुभयो र अलग बस्नुभयो। यो नै उहाँको जीवनको पूर्णता थियो। जब प्रार्थना गर्नुभयो भन्ने क्रियापद प्रयोग गरिएको थियो यो उहाँको निरन्तर प्रवृत्ति थियो। उहाँले प्रार्थना गर्नुभयो र त्यस प्रार्थनामा उहाँले निरन्तरता दिनुभयो। येशू कति छिटो बिहान उठेर जानुभयो भन्ने वचनले उहाँको एक्लै प्रार्थना गर्ने बानी कस्तो व्यापक वा धुरन्धर थियो भनेर जनाउँछ।

सुसमाचारको पुस्तकभरी येशू प्रार्थना गर्ने व्यक्तित्व हुनुहुन्थ्यो भनेर हामी चिन्न सक्छौं (मत्ती १४:२३, मर्कूस ६:४६, यूहन्ना १७)। येशूको सेवाकार्य गर्ने उर्जाको रहस्य उहाँको प्रार्थना नै मुख्य भएको देखाउँछ।

**येशूको प्रार्थनाको जीवन कस्तो थियो भनेर लूका ६:१२ले कसरी बताउँछ? हेर्नुहोस्, " ती दिनमा उहाँ पहाड़तिर प्रार्थना गर्न जानुभयो, र परमेश्वरसँग प्रार्थना गर्दै पूरै रात बिताउनुभयो।"**

कतिपय इसाईहरूले प्रार्थना गर्ने समय तोकेको हुन्छ। यो ठिक र असल छ, तर यो केवल नियमित चलन मात्र हुन सक्छ वा प्रार्थना गर्ने औपचारिक समय हुन सक्छ र रीति वा प्रक्रिया हुनसक्छ। यो ढाँचाबाट पार हुन प्रार्थना गर्ने समय परिवर्तन गर्न सकिन्छ र नियमित समयभन्दा लामो प्रार्थना गर्नुपर्छ। प्रार्थना गर्ने धार्मिक परम्परालाई तोड्नु सक्नुपर्छ वा आफूले धार्मिक कार्य गरिहेको छु र धर्मात्मा बनिरहेको छु भन्ने मनस्थितिबाट अलग हुनुपर्दछ। परमेश्वरलाई खुशी पार्ने भनेर प्रार्थनाको पाठ वा विधि पुऱ्याउनेबाट हामी उम्किनुपर्दछ। प्रार्थना गर्नुपर्छ भनेर आफूलाई विधिवादबाट स्वतन्त्र राख्नुपर्छ। प्रार्थनाको समय र स्थानमा हामी बाँधिनुहुन्न।

जब येशू एक्लै प्रार्थना गर्न जानुहुन्थ्यो तब पत्रुस र उनका साथीहरू उहाँले गर्ने प्रार्थनाको स्थानमा उहाँसँग जाने गरेको देखिन्दैन। उहाँ कहाँ प्रार्थना गर्नुहुन्छ भन्ने स्थान चेलाहरूलाई थाहा थियो। तिनीहरूले त्यस स्थानमा उहाँलाई भेट्टाउँथे। अघिल्लो दिनको खुशियाली अनुभवमा अझ सघाउन उहाँले प्रार्थना गर्नुहुन्थ्यो। अनि उहाँले रोगीहरू निको पार्नुहुन्थ्यो र आफ्नो विद्या उहाँले सिकाउनुहुन्थ्यो। चेलाहरूको जोश र उत्तेजनाप्रति संयम अपनाइ सेवा गर्ने अझ धेरै ठाउँहरू छन् भनेर येशूले यो बताउनुहुन्छः "त्यहाँ पनि मैले प्रचार गर्नुपर्छ, किनभने म त्यही लक्ष्यको निम्ति म आएको हुँ।" मर्कूस १:३८।

***येशू आफै परमेश्वर हुनुभएतापनि मानव रूप लिनुभएकोले उहाँले धेरै समय प्रार्थनामा बिताउनुभएको थियो। येशूले त प्रार्थनामा धेरै समय बिताउनुभयो***

*भने हामीले त झन कति समय प्रार्थनामा बिताउनु आवश्यक छ? येशूको उदाहरणले हामीलाई के बताउँछ?*

## ५. के तपाईंले आफ्नो ज्ञानलाई गुपचुप राख्न सक्नुहुन्छ?

**येशूले पिछ्डिएको, दविएको वा हेपिएको समाजसँग घुलमिल गर्नुभएको थियो। मर्कूस १:४०-४५मा त्यस समाजसँग येशूले कसरी संसर्ग गर्नुभयो र त्यसबाट हामीले के सिक्न सक्छौं भनेर देखाइएको छ। हेर्नुहोस्, " अनि एक जना कुष्ठरोगी उहाँकहाँ आएर घुँडा टेक्दै यसो भनेर बिन्ती गऱ्यो, "तपाईंले इच्छा गर्नुभयो भने मलाई निको पार्न सक्नुहुन्छ।" तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ।" त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो। अनि उहाँले त्यसलाई कड़ा आज्ञा दिएर यसो भनी तुरुन्तै पठाउनुभयो, "हेर, तिमीले यो कसैलाई नभन्नू, तर गएर तिमी आफैंलाई पूजाहारीकहाँ देखाऊ र तिमी निको भएकोमा मानिसहरूका प्रमाणको लागि मोशाको आज्ञाबमोजिम बलि चढ़ाऊ।" तर त्यो निस्केर गयो, अनि यस विषयमा खुल्लमखुल्ला प्रचार गर्न लाग्यो, र येशू फेरि सहरमा खुलस्त प्रवेश गर्न सक्नुभएन, र एकान्त ठाउँहरूमा रहनुभयो। तर मानिसहरू चारैतिरबाट उहाँकहाँ आए।"**

कुष्ट रोग अहिलेको जस्तो हानसन रोग मात्र होइन भनेर पुरानो करारभरी उल्लेख गरिएको छ। यो रोग छालको भयाभव रोग भनेर मानिन्थ्यो र यो सरुवा रोग पनि हो भनेर प्रचलित थियो। हानसन्स रोग जुन हल्का कुष्ट रोग हो यो मध्यपूर्वमा तेस्रो शताब्दीमा मात्र देखा परेको हुनसक्छ (देभिद पी. राइट र रिचार्ड एन. जोन्स, "लेप्रोसी,"द *आन्कर बाइबल डिक्सनेरी:* ठेली ४, न्यु योर्कः डबलडे, १९९२, पृ. २७७-२८२)। जेसुकै भएतापनि येशूले निको पार्नुभएको कुष्ट रोगीको रोग अत्यन्तै खराब थियो र त्यसले उसलाई सताइरहेको थियो भनेर हामीले मान्दछौं।

कुष्ट रोग लागेको मानिसले उसको विश्वास येशूमा राखेको थियो। उसलाई यकिन थियो कि येशूले उसको रोगबाट उसलाई शुद्ध पार्न सक्नुहुन्छ। लेबी १३ अनुसार कुष्ट रोगी अशुद्ध रोग थियो भनेर स्वास्थ्य, धार्मिक र सामाजिक परम्परामा अनुसार सरुवा रोग पनि थियो र यो रोग

लागेका मानिस अरू मानिसहरूसँग सम्पर्कमा आउन दिँदैनथ्यो (लेबी १३:४५,४६)।

तर सबै धार्मिक, स्वास्थ्य र सामाजिक परम्परा वा संस्कारलाई तोडेर करुणाले परिचालित हुँदै येशूले त्यस रोगीलाई छुनुभयो। यसरी ठोकुवा गर्दछः "तब दयाले भरिएर उहाँले आफ्नो हात पसारी त्यसलाई छुनुभयो, र त्यसलाई भन्नुभयो, "म इच्छा गर्दछु, तिमी निको भइजाऊ।" त्यति नै बेला त्यसको कुष्ठरोग त्यसबाट हट्यो, र त्यो निको भइहाल्यो।" यो कामले येशूलाई नै बेलुकासम्म अशुद्ध बनाउँथ्यो। उहाँ नुहाएर र विधि पालन गरे मात्र शुद्ध हुन सक्नुहुन्थ्यो। येशूले त्यस रोगीलाई छोएर कुष्ट रोगबाट शुद्ध पार्नुभयो भनेर मर्कूसले ठोकुवा गर्दछन्। यसले गर्दा त्यस रोगीलाई छोएर येशू अशुद्ध हुनुभएको थिएन।

येशूले त्यस मानिसलाई पुजारीकहाँ गएर मोशाले दिएका विधि अनुसार बलि दिन आदेश दिनुहुन्छ। मोशाले सिकाएको विधिलाई समर्थन गर्नुभएको र त्यसको पक्षमा येशू उभिनु भएको बाइबलभरी नै हामी पाउँछौं। विशेष गरेर मर्कूस ७:१०;१०:३,४, १२:२६ र २९-३१मा येशूको यो समर्थनलाई उल्लेख गरिएको छ। उहाँको काम धार्मिक अगुवाहरूको विपरित थियो। तिनीहरूले मोशाका शिक्षालाई बँग्याएर धर्मको नाउँमा मानिसहरूलाई दमन गरेको भनेर येशूले तिनीहरूको भन्दाफोर गरेको मर्कूस ७,१० र ११मा पाउँछौं। कुष्ट रोगले निको भएको मानिस चुपचाप पहिले पुजारीकहाँ जाऊ भनेर मर्कूस १:४४मा बताइएको अनुसार येशूले परम्पराको खिलाफमा नगएको देखाउँछ। यदि त्यस रोगीले आफूलाई येशूले निको पार्नुभएको भनेर सुनायो भने पूर्वाग्रहले ग्रसित भएको पुजारिले येशूको खिलाफमा जान सक्थ्यो।

तर शुद्ध भएको कुष्ट रोगीले यो तथ्य बुझेको देखिँदैन र येशूको आदेशलाई अवज्ञा गर्दै आफूलाई येशूले निको पार्नुभएको खबर सबै ठाउँमा फैलाउँछ। त्यसले गर्दा येशू खुलमखुला शहरमा पस्न असम्भव भएको थियो र उहाँको सेवाकार्यमा वाधा ल्याएको थियो।

***सुसामाचार सुनाउने जोशमा हामीले के नगर्न होशियार हुनुपर्दछ जसले गर्दा सुसमाचार फैलाउन वाधा हुन्छ? हाम्रो नियत जे भएतापनि हाम्रो काम बुद्धि पुऱ्याएर गर्नुपर्छ भनेर यस कथाले कसरी सिकाउँछ?***

## उपसंहारः

**थप जानकारीः** एलेन जी. ह्वाइटद्वारा लिखित द डिजाएर अभ एजेजको पृ. २५२-२६६को "आट कपर्नुम" र "दाउ क्यान्स्ट मेक मी क्लिन," पढ्नुहोस्।

चेलाहरूलाई नियुक्त गर्ने अधिकार येशूको थियो भनेर मर्कूस १ अध्यायले प्रस्तुत गर्दछ। येशूको बोलाहतलाई चेलाहरूले मानेका थिए। सैतानको मातहतमा रहेका दुष्ट आत्माहरूको विपरित उहाँ पवित्र हुनुहुन्थ्यो। असल र खराबको बिचमा ठूलो संग्राम चलिरहेको छ। तर सैतानका शक्तिहरूको भन्दा येशूको शक्ति महान् छ। बिरामीहरू प्रति येशूको करुणा र दया जाग्दथे। तिनीहरूलाई व्यक्तिगत रूपमै छोएर निको पार्नुहुन्थ्यो र सहयोग गर्नुहुन्थ्यो। उहाँको जस्तो स्पर्श अरू कसैको थिएन।

"आफू कुन राज्य स्थापना गर्न येशू आउनुभएको थियो भनेर उहाँले यहूदी सभाघरमा घोषणा गर्नुभएको थियो। सैतानका नियन्त्रणमा रहेका मानिसहरूलाई मुक्त गर्ने उहाँको लक्ष्य थियो भनेर पनि उहाँले बताउनुभएको थियो। जब उहाँले बोलिरहनुभएको थियो त्रासको वातावरणले गर्दा सैतानले उहाँको वचनलाई हस्तक्षेप गरेको थियो। एक जना बहुला मानिस मानिसहरूको बिचमा घचेट्दै चिच्याउँदै आयो, 'हामीलाई एक्लै छोड्नुहोस्, हे नासरतको येशू, तपाईंसँग हाम्रो के सरोकार छ? के तपाईंले हामीलाई नाश गर्न आउनुभएको हो? मलाई थाहा छ तपाईं परमेश्वरको पवित्र जन हुनुहुन्छ।'

"सबै जना अलमलमा परे र सचेत भए। मानिसहरूका ध्यान येशूबाट फर्केको थियो र उहाँको वचनलाई तिनीहरूले सुन्न सकेनन्। सैतानको सिकारलाई यहूदी सभाघर सिनिगगमा आउन दिएर हल्ला गराउनु नै मानिसहरूको ध्यान येशूमा नलगाउने उसको नियत थियो। तर येशूले दुष्ट आत्मालाई हकार्दै भन्नुयो, "चुप लाग र त्यस मानिसबाट निस्केर आऊ।' जब दुष्ट आत्माले त्यस मानिसलाई मानिसहरूको बिचमा पछार्‍यो तब उसबाट त्यो दुष्ट आत्मा कुनै हानी नै नगरी निस्केको थियो। उजाड स्थान वा मरुभूमीमा येशूलाई सैतानले परीक्षा गर्दा सैतान हारेको थियो र उहाँबाट गायब भएको थियो। तर सैतानले उहाँलाई पिछा गर्न छोडेको थिएन। अब यहूदी सभाघरमा फेरि शत्रु सैतान येशूको आमनेसामने परेको थियो। सैतानले आफ्नो सबै शक्ति प्रयोग गरेर त्यस सिकारलाई नियन्त्रणमा राखेको थियो। यहाँ सैतान परास्त्र हुनुहो अर्थ येशूको जित हुनु थियो। उद्धारकर्ताले आफ्नो अधिकार प्रयोग गरेर

बोल्नुभयो, र सैतानको पासोमा परेको मानिस उसबाट स्वतन्त्र भएको थियो।" एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज्,* २५५,२५६।

अनि प्रभु आफ्नो सेवाकार्यमा व्यस्त हुनुभयो। उहाँ एक ठाउँबाट अर्को ठाउँमा जानुभयो र उहाँ धेरै मानिसहरूको सम्पर्कमा रहनुभयो। हुलका हुल मानिसहरूको बिचमा उहाँ कसरी स्थिर र शान्त हनुभयो त? उहाँको दैनिक उपासना र प्रार्थनाले उहाँलाई त्यो मुद्रा वा मिजासमा रहन सहयोग गरेको थियो भन्ने कुरामा केही शङ्का छैन।

प्रार्थनाको समय र बाइबल अध्ययन गर्ने समय तपाईंको निम्ति कुन उपयुक्त छ सो सोच्नुहोस्। कुन समय तपाईंको निम्ति ठिक हुन्छ सो हेर्नुहोस्। पवित्र आत्माको अगुवाइमा शान्त मिजासलाई प्रगति गर्न समय दिनुहोस्। परमेश्वरको वचन अध्ययन गर्न उहाँकै अगुवाइमा रहने बानी बसाल्नुहोस्।

**चिन्तनमनन:**

**अ. येशूभक्तको जीवनमा प्रार्थनाको उपादेयिता सोच्नुहोस्। प्रार्थनाको लक्ष र त्यसको प्रभावकारिता बारेमा सोच्नुहोस्।**

**आ. कतिपय समयमा हाम्रो आस्थाको बारेमा चुप लाग्नुपर्ने हुन्छ। त्यो कुन अवस्थामा चुप लाग्नुपर्दछ? हामीले येशूको बारेमा गवाही दिनुपर्नेमा सम्झौता नगरी कसरी वुद्धि पुऱ्याएर चल्नुपर्दछ?**

**इ. तपाईंको समाज वा संस्कारमा को को मानिसहरू कुष्ट रोगले सताएका छन् वा अनेकौं रोग, मानसिकता र परिस्थितिले मानिसहरूलाई परमेश्वर र मानिसहरूबाट अलगिएका छन्? ती व्यक्तिसँग सम्पर्क गर्न र सुनाउन तपाईंको चर्च र तपाईं आफैंले के कदम चाल्न सक्नुहुन्छ?**

## कथा २

## चकित भएका झाँक्री: कृष्ण लामाको कथा, भाग २

छोरी दिव्याको घरमा बाबु कृष्ण धेरै दिन सम्म बसे। उनी पनि आफ्नो गाउँमा झाँक्री र निर्माण काम गर्दा थाहेका थिए।

एकदिन छोरीको घरमा सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर चर्चका धेरै सदस्यहरूसँग आए। उनी उत्सुक भएर तिनीहरूले गरिरहेका सङ्गति कार्यक्रम हेरिरहेका थिए। तिनीहरूले धेरै भजनहरू आफ्नी छोरीका नयाँ परमेश्वर येशूका बारेमा गाए।

अनि पास्टरले बाइबल खोले र येशूको आह्वानलाई पढे। "हे परिश्रम गर्ने र बोझले लादिएकाहरू हो, मकहाँ आऊ। म तिमीहरूलाई विश्राम दिनेछु।" मत्ती ११:२८। त्यस परमेश्वरलाई चिन्न आफ्नो हृदय जागेको कृष्णले महसुस गरे। अनि फेरि पास्टरले पढे, "परमेश्वरले संसारलाई धेरै प्रेम गर्नभएकोले उहाँले आफ्नो एक मात्र प्रिय पुत्रलाई दिनुभयो। जसजसले उहाँमाथि विश्वास गर्छ त्यो नाश हुनेछैन तर अनन्त जीवन पाउनेछ।" यूहन्ना ३:१६। बाबुको हृदय छोयो। मानव प्राणीको उद्धारको निम्ति आफ्नो पुत्र दिएको परमेश्वरको बारेमा उनले कहिल्यै पनि सुनेका थिएनन्। परमेश्वरले आफ्नो पुत्रलाई पठाउनुभएर मानिसको निम्ति पापबलि हुनुभएकोले अब कुनै पनि पशु बलिको आवश्यकता नभएको उनले महसुस गरे।

पास्टर र सङ्गति गर्ने सहभागीहरू गएपछि बाबुले आफ्नी छोरीसँग बाइबल मागे। पास्टरले सुनाएका पदहरू आफैंले पढ्न चाहना गरे। दुवै बाबु छोरी मिलेर ती पदहरू बाइबलमा खोजे र भेट्टाएनन्। दिव्याले पास्टरलाई फोन गरेर उनले पढेका पदहरू कहाँ छन् भनेर सोधिन्। पास्टरले पदहरू कहाँ छन् भनेर बताए। बाबु ती पदहरू आफूले नै पढ्न पाएकोमा अत्यन्तै खुशी भए। उनले दिनदिनै बाइबल पढ्न थाले। साबथमा उनी पनि आफ्नी छोरी दिव्या र श्रीमतीसँग चर्चमा गए। दिव्याले प्रार्थना गर्दा पहिचान गर्न नसकेको आफ्नी श्रीमतीको रोग निको पार्ने परमेश्वरको बारेमा उनले चिन्न चाहेका थिए। चर्चमा जाँदा र बाइबल पढ्दा उनले सबै थोक बुझेका त थिएन। केही समय पछि आफ्नी श्रीमतीलाई छोरीकै साथमा छोडेर कृष्ण आफ्नो गाउँमा फर्के। उनले बाइबल पनि आफ्नै साथमा लगे।

आफ्नो गाउँमा कृष्णले आफ्नो झाँक्री काम र निर्माण गर्ने कामलाई निरन्तरता दिए। राती राती बाइबल पढ्न थालेका थिए। केही महिना पछि देवीदेवताहरूलाई पूजा गर्ने चाहना बिलाउन थाले। अनि केही समय पछि झाक्रीं काम पनि छोडे। उनले गाउँलेहरूलाई भने, " मेरो जीवन फरक भइसकेको छ। अब म झाँक्री काममा लागेर तन्त्रमन्त्र गर्दिंन।"

जब कृष्ण येशूभक्त भएको गाउँलेहरूले सुने तब गाउँलेहरू उनीसँग क्रोधित भए। आफ्ना बाबुआमाको धर्म र परम्परालाई त्यागेर धोखा दिएको भनेर गाउँलेहरूले आरोप लगाए। तर त्यसको पर्वाह कृष्णले गरेनन्। उनलाई थाहा थियो कि उनले केवल एक मात्र परमेश्वरलाई भेट्टाएको छ।

आजा कृष्ण लामा र उनकी श्रीमती सेभेन्थ-डे एडभेन्टिस्ट भएका छन्। उनी ६६ वर्षका छन् र चर्चमा डिकन भएर सेवा गर्छन्।

"मेरा दिवङ्गत पूर्खाहरू मेरो घरमा बास बस्दथे भनेर मैले सोचेको थिएँ। अब त मेरै घर मेरो निम्ति चर्च पो हुन गएको छ। येशूको साथमा मेरो भविष्य उज्यालो छ।" खुशी भएर कृष्णले यस लेखकलाई सुनाए।